जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९४ पृष्ठः ४ | २०८३ साउन १७ आइतबार (Sunday 02 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गणेशको दाहासंस्कारमा हजारौंको सहभागीता, शव देखेर गाउँ नै रोए

सिरहा, १६ साउन। सुनसरी घटनालाई लिएर सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका १५ वर्षीय गणेश यादवको दाहासंस्कार भएको छ। सिरहाको औरही गाउँपालिका २ तुलसियाहीस्थित घरमा नेपाली सेनाको हेलिकप्टरमार्फत शनिबार साझमात्र शव आईपुगेकोले अहिले अहिले अत्योष्टि भएको हो।

धरानबाट अवेरमात्र नेपाली सेनाको हेलिकोप्टबाट ल्याएको शव औरही २ तुलसियाही घरदेखि करिव २ किलोमिटर पूर्वमा रहेको राधाकृष्ण मन्दिर नजीक अवतरण गरिएको थियो। अवतरण गरे लगदै शव एम्वेलेन्समा राखेर घर पुर्याएका थिए। घर पुऱ्याएर शवलाई परम्परा अनुसार विधिगरेर गाउँ परिक्रमा गरी दाहासंस्कारको लागि नजीकैको गागन खोलामा लगिएको छ। बिहीबारकै दिन यादवको शव पोष्टमार्टमको लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो।



दुई बजे नै शव ल्याउने भनेपछि वरपरका गाउँमा मानिसहरु शव हेर्न जम्मा भएका थिए। शव आएलगतै हजारौंको संख्यामा उपस्थित महिला, युवा, पुरुष तथा बालकालिका रोएका थिए। उनको शव यात्रामा हजारौंको संख्यामा आफन्त तथा गाउँलेहरु भेला भएका थिए। हिजो राति अवेर गृह मन्त्री गुरुङ यादवको घरमै पुगेर आठबुँदे सहमति पछि आज शव ल्याइएको हो।

सहमति अनुसार नेपाल सरकारको तर्फबाट यादवलाई शहीद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने, सरकारको तर्फबाट १० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने, २०८३ साउन १४ गते गोलबजार क्षेत्रमा भएको घटनाको निश्पक्ष र प्रभावकारी छानविन गरी दोषी माथि प्रचलित कानून बमोजिम कार्वाही प्रकृया तत्काल अगाडी बढाउने, मृतकका परिवारबाट एक जना योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउने गृहमन्त्री गुरुङ र मृतकका वृवा रामवृक्ष यादवविच भएको छ।

सहमतिमा मृतकका भाइ-बहिनीलाई निःशुल्क शिक्षा तथा बुबा-आमालाई सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाउने, गोलबजार घटनाको निष्पक्ष छानबिन गरी

**-बाँकी तीन पेजमा**

## मधेशमा रोपाइँ ९१.५५ प्रतिशत



जनकपुरधाम, १६ साउन। मधेस प्रदेशमा रोपाइँ अन्तिम चरणमा पुगेको छ। मधेस प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्म मधेस प्रदेशभर तीन लाख ५० हजार ११८ दशमलव ८८ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ। जुन कुल रोपाइँयोग्य क्षेत्रफलको ९१ दशमलव ५५ प्रतिशत हो। मधेस प्रदेशका आठ जिल्लामध्ये सिरहामा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा

**-बाँकी तीन पेजमा**

## सिरहा तुलसीपुरका गणेशका परिवार र सरकारबिच सात बुँदे सहमति



**मणिलाल विश्वकर्मा**

लहान, १६ साउन। सिरहाको गोलबजार-४ क्याम्पस चोक नजिक बिहीबार भएको प्रदर्शनमा घाँटीमा गोली लागेर मृत्यु भएका सिरहाको औरही गाउँपालिका-२ तुलसीपुरका करिब १७ वर्षीय गणेश यादवका परिवार र सरकारबिच ७ बुँदे सहमति भएको छ। सिरहाका सांसद्हरु बब्लु गुप्ता, शिवशंकर यादवसहित गएराती अबेर तुलसीपुर गाउँ पुगेका गृहमन्त्री सुधन गुरुङ् र मृतकका परिवारबिच सात बुँदे सम्झौता भएको हो। मृतकका बाबु रामवृक्ष यादव र गृहमन्त्री गुरुङले हस्ताक्षर गरेको सम्झौता अनुसार सरकार पक्षले सम्बन्धित परिवारले राखेका मागहरु

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## कर्फ्युले होइन, विश्वासले शान्ति

सिरहा, लहान र धनुषामा एकै दिन उत्पन्न भएको हिंसात्मक अवस्था, कर्फ्यु आदेश र त्यसबीच एक किशोरको ज्यान गएको दुःखद घटनाले मधेशको शान्ति, सामाजिक सद्भाव र सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको छ। गोलबजारमा भएको झडपका क्रममा गोली लागेर १७ वर्षीय गणेश यादवको मृत्यु हुनु केवल एउटा आपराधिक वा सुरक्षा घटना मात्र होइन, राज्य, समाज र नागरिकबीचको विश्वास कमजोर बन्दै गएको संकेत पनि हो। यस घटनामा अर्का एक युवा गम्भीर घाइते हुनु र त्यसपछि आगजनी तथा तोडफोड फैलिनुले स्थिति अझ जटिल बनेको छ।

शान्ति–सुरक्षा कायम राख्नु राज्यको पहिलो दायित्व हो। परिस्थिति नियन्त्रणबाहिर जान नदिन प्रशासनले कर्फ्यु आदेश जारी गर्नु कानुनी अधिकारभित्रको कदम हुन सक्छ। तर कर्फ्यु आफैंमा समाधान होइन। यो तत्कालीन अवस्था नियन्त्रण गर्ने अस्थायी उपाय मात्र हो। यदि हिंसाका कारण, जनआक्रोशका स्रोत र असन्तुष्टिका जरा पहिचान गरेर सम्बोधन गरिएन भने कर्फ्यु हटेपछि पनि अस्थिरता दोहोरिन सक्छ। त्यसैले अहिलेको आवश्यकता केवल सुरक्षा बलको उपस्थितिभन्दा पनि प्रभावकारी संवाद, निष्पक्ष अनुसन्धान र न्यायप्रतिको भरोसा हो।

विशेषगरी किशोरको मृत्यु भएको घटनाले धेरै प्रश्न जन्माएको छ। गोली कसरी चल्यो, कुन परिस्थितिमा चल्यो, जिम्मेवार पक्ष को हो भन्ने विषयमा तथ्यमा आधारित, निष्पक्ष र पारदर्शी अनुसन्धान हुनुपर्छ। यस्ता घटनामा ढिलाइ वा अस्पष्टताले अफवाह फैलिन्छ, जनविश्वास घट्छ र तनाव अझ बढ्छ। सत्य लुकाएर होइन, सत्य सार्वजनिक गरेर मात्र न्याय स्थापित गर्न सकिन्छ। दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याइनुपर्छ भन्ने सन्देश राज्यले स्पष्ट रूपमा दिन आवश्यक छ।


अर्कोतर्फ, प्रदर्शनका नाममा निजी तथा सार्वजनिक सम्पत्तिमाथि आगजनी, तोडफोड र हिंसा गर्नु कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन। एबी मल लगायतका व्यापारिक प्रतिष्ठान र सवारीसाधनमा आगजनी गरिनु आन्दोलनको वैध स्वरूप होइन। यस्ता गतिविधिले स्थानीय व्यवसायी, मजदुर र सर्वसाधारण नागरिकलाई प्रत्यक्ष क्षति पुऱ्याउँछ। लोकतान्त्रिक समाजमा असन्तुष्टि व्यक्त गर्ने अधिकार छ, तर त्यो अधिकार हिंसामा रूपान्तरण हुनेबित्तिकै समाजले ठूलो मूल्य चुकाउनुपर्छ।

लहान र जनकपुरधामसम्म कर्फ्यु विस्तार हुनु सामान्य घटना होइन। यसले एउटा स्थानीय तनाव व्यापक क्षेत्रीय असुरक्षामा बदलिने जोखिम देखाएको छ। यस्तो अवस्थामा राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा सामुदायिक अगुवा सबैले संयमता अपनाउनुपर्छ। उत्तेजक अभिव्यक्ति, अपुष्ट सूचना र सामाजिक सञ्जालमार्फत फैलाइने अफवाहले परिस्थिति झन् बिगार्न सक्छ। सत्यापन नभएका सामग्रीको प्रसार रोक्नु अहिले सबैको साझा जिम्मेवारी हो।

सुरक्षा निकायले पनि संयम, कानुनी प्रक्रिया र मानवअधिकारको पूर्ण सम्मान गर्दै आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। बल प्रयोग अन्तिम विकल्प हुनुपर्छ, पहिलो होइन। प्रत्येक नागरिकको जीवनको रक्षा गर्नु राज्यको संवैधानिक दायित्व हो। त्यसैले सुरक्षा कारबाही प्रभावकारी मात्र होइन, उत्तरदायी र पारदर्शी पनि हुनुपर्छ।

आजको आवश्यकता प्रतिशोध होइन, समाधान हो। डर र अविश्वासले समाजलाई विभाजित बनाउँछ भने न्याय, संवाद र पारदर्शिताले मात्र स्थायी शान्तिको आधार तयार गर्छ। मधेशको सामाजिक सद्भाव, सहअस्तित्व र आर्थिक गतिविधि निरन्तर रहने वातावरण निर्माण गर्न सबै पक्षले जिम्मेवार भूमिका खेल्नुपर्छ। प्रशासनले निष्पक्ष अनुसन्धानमार्फत सत्य बाहिर ल्याओस्, राजनीतिक नेतृत्वले संयम र संवादलाई प्राथमिकता दिओस्, नागरिकले कानुनको सम्मान गर्दै शान्तिपूर्ण व्यवहार अपनाऊन्। यही मार्गले मात्र अहिलेको तनावलाई स्थायी शान्तिमा रूपान्तरण गर्न सकिन्छ।

# दक्षिणी सीमाबाट आयातित धर्म–राजनीति



जयप्रकाश आनन्द

भारतीय राजनीतिको दुःखद अनुभव र साम्प्रदायिक डढेलोको तापक्रम अहिले सीमापार नेपालका तराई–मधेशसम्म आइपुगेको छ। सदियौंदेखि हिन्दू र मुसलमान समुदाय भ्रातृत्वमा बसेको मधेशको परम्परागत सामाजिक सद्भाव आज खतरनाक मोडमा पुऱ्याउने काम भएको छ। भारतको साढे सात दशक लामो लोकतान्त्रिक यात्रा केवल नीति, विकास र सुशासनको प्रतिस्पर्धामा मात्र सीमित रहेन। यसको सूक्ष्म विश्लेषण गर्दा सत्ता प्राप्ति र रक्षाका लागि सामाजिक ध्रुवीकरणको प्रयोग देखियो। त्यस्तो ध्रुवीकरणले कसरी त्यहाँको परम्परागत सामाजिक तानाबानालाई छिन्नभिन्न बनाएको छ र त्यसको सीधा आगो सीमा नाघेर नेपालको मधेशसम्म कसरी पुगिरहेको छ भन्ने स्पष्ट चित्र सतहमा आउँछ।

स्वतन्त्रतापछि भारतको राजनीतिक चेतना उत्तर र दक्षिणमा फरक–फरक ढंगले अगाडि बढ्यो। तमिलनाडु, केरल र कर्नाटकजस्ता दक्षिणी राज्यहरूमा उग्र जातीय वा धार्मिक ध्रुवीकरणभन्दा बढी भाषिक पहिचान, क्षेत्रीय स्वायत्तता र सामाजिक सुधारका आन्दोलन मुख्य सवाल बने। केन्द्रको 'हिन्दी लाद्ने नीतिको पेरियार ई.भी. रामासामीको 'आत्मसम्मान आन्दोलन' र सी.एन. अन्नादुराईको नेतृत्वमा भएका भाषिक प्रतिरोधमार्फत कडा प्रतिवाद गरिए। दक्षिणमा गैरब्राह्मण आन्दोलनले पहिले नै सामाजिक संरचनालाई केही हदसम्म सन्तुलित बनाइसकेको थियो। त्यहाँ उत्तर भारतमा जस्तो चुनाव जित्न उग्र जातीय वा धार्मिक कार्ड सीधा प्रयोग गर्न कठिन भयो।

यसको ठीक विपरीत उत्तर भारतका हिन्दी भाषी क्षेत्रहरू, जस्तैः उत्तर प्रदेश, विहार, मध्य प्रदेश र राजस्थानमा स्वतन्त्रतापछि लामो समयसम्म भारतीय राष्ट्रिय कंग्रेसको एकछत्र वर्चस्व रह्यो। कंग्रेसको यो बलियो जग उच्च जात, दलित र मुस्लिमहरूको परम्परागत भोट ब्यांकमा आधारित थियो। त्यो वर्चस्व ढाल्न विपक्षी दलहरूले वैचारिक राजनीतिको सट्टा जातीय समीकरणलाई मुख्य हतियार बनाए।

२० औं शताब्दीको सातौं–आठौं दशकमा राममनोहर लोहियाको समाजवादी चिन्तन र पछि १९९० को दशकमा मण्डल आयोगको सिफारिश लागू भएसँगै उत्तर भारतीय राजनीतिले पूर्णतः नयाँ मोड लियो। कुनै एउटा मात्र जातिको मतले चुनाव जित्न असम्भव भएपछि दलहरूले बहुजातीय गठबन्धन बनाउन थाले। अभिजात्य वा उच्च जातिविरुद्ध 'सामाजिक न्याय' र पिछडिएका वर्गको अधिकारका नाममा नयाँ राजनीतिक ध्रुवीकरण भयो। उत्तर प्रदेश र विहारमा मुस्लिम–यादव (एम–वाई), कुर्मी, मल्लाह, केवट र जाटभजस्ता जातिलाई जोडेर समाजवादी पार्टी, राष्ट्रिय जनता दल र बहुजन समाज पार्टीजस्ता क्षेत्रीय दलहरूले दशकौंसम्म सत्ता सञ्चालन गरे। यो अभ्यासले ऐतिहासिक रूपमा उत्पीडनमा परेका वर्गलाई राजनीतिक प्रतिनिधित्व र आवाज त दिलायो, तर यसको राजनीतिक चरित्र वास्तविक सामाजिक–आर्थिक रूपान्तरणभन्दा पनि दलहरूको 'भोट ब्यांक' निर्माणमा मात्र सीमित रहन पुग्यो।

जातीय ध्रुवीकरणबाट खण्डित हिन्दू भोट ब्यांकलाई एकीकृत गर्न र क्षेत्रीय दलहरूको 'मण्डल राजनीति' परास्त गर्न भारतीय जनता पार्टी र यसका वैचारिक घटकहरूले 'कमण्डल राजनीति' अर्थात् धार्मिक राष्ट्रवादको कार्ड अगाडि बढाए। सन् १९८० को दशकको अन्त्यदेखि शुरू भएको लालकृष्ण आडवाणी 'रथ यात्रा' र अयोध्याको राम मन्दिर आन्दोलनले जातीय रूपमा विभाजित हिन्दू समाजलाई एउटै धार्मिक छातामुनि ल्याउने काम गऱ्यो। उच्च जातिका साथै पिछडिएका र गैर–यादव तथा गैर–जाटभजस्ता साना जातिलाई 'साझा हिन्दू पहिचान' र 'अल्पसंख्यक तुष्टीकरणको विरोध' को मनोवैज्ञानिक आधारमा गोलबद्ध गरियो। यसै रणनीतिमार्फत आज भारतमा बहुसंख्यकवादी धार्मिक राजनीति सत्ता र लोकप्रियताको अभूतपूर्व शिखरमा पुगेको छ। जातीय ध्रुवीकरणलाई परास्त गर्न ल्याइएको यो धार्मिक राजनीतिले चुनावी सफलता त दिलायो, तर यसले भारतको परम्परागत सामाजिक सद्भाव र सदियौंदेखि कायम रहेको हिन्दू–मुस्लिम सहअस्तित्वको 'गंगा–जमुनी तहजीब' लाई ध्वस्त पारिदियो। आज त्यहाँ छिमेकी–छिमेकीबीच अविश्वास, शंका र घृणाको पर्खाल उभिएको छ, अल्पसंख्यकहरूमाझ असुरक्षाको भावना र बहुसंख्यक वर्गमाझ उग्रता बढेको छ भने शिक्षा, स्वास्थ्य, रोजगारी र आर्थिक असमानताजस्ता नागरिकका आधारभूत मुद्दा धार्मिक उन्मादको छायामा परेका छन्।

### सीमापार धार्मिक कट्टरपन्थ

भारतीय राजनीतिको यो दुःखद अनुभव र साम्प्रदायिक डढेलोको ताप अहिले सीमापार गर्दै नेपालका तराई–मधेश क्षेत्रसम्म आइपुगेको छ। सदियौंदेखि हिन्दू र मुसलमान समुदाय एकापसमा दाजुभाइजस्तै मिलेर बसेको मधेशको परम्परागत सामाजिक सद्भाव आज खतरनाक मोडमा पुगेको छ। मधेशमा पछिल्ला वर्षमा देखिन थालेको हिन्दू–मुस्लिम तनाव नेपालको कुनै आन्तरिक वा मौलिक कारणले मात्र उब्जिएको होइन। भारतीय सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सीमापारका उग्र धार्मिक भाष्यलाई नेपालका दुवै पक्षले जस्ताको तस्तै अनुकरण गरिरहेका छन्।

सीमा क्षेत्रमा हुने सानातिना व्यक्तिगत विवाद, धार्मिक यात्रा वा जुलूसका विषयलाई लिएर उत्पन्न हुने तनावले प्रत्यक्ष रूपमा भारतीय राजनीतिकै शैलीमा साम्प्रदायिक दंगाको रूप लिन खोज्दैछ। यसमा बाह्य तथा संस्थागत मलजलको स्पष्ट भूमिका देखिन्छ। एकातिर भारतका कट्टरपन्थी हिन्दूवादी संघ–संस्था र राजनीतिक सञ्जालहरूले नेपालका सीमावर्ती क्षेत्रहरूमा सांस्कृतिक तथा धार्मिक पुनर्जागरणका नाममा उग्र भाष्य र संगठन विस्तार गरिरहेका छन्। अर्कातर्फ भारतका केही कट्टरपन्थी मुस्लिम सञ्जालहरूका साथै खाडी (गल्फ) मुलुकका परोपकारी वा धार्मिक संस्थाहरू ( च्यारिटी/एनजिओज) मार्फत आउने अनियन्त्रित बजेटले मदरसा र मस्जिदहरूमार्फत परम्परागत सुफी तथा उदार इस्लामलाई विस्थापित गरी उग्र विचार प्रवर्द्धन गरिरहेको छ। यी दुवै बाह्य कारकले मधेशलाई आफ्नो शक्ति प्रदर्शन र 'प्रोक्सी' द्वन्द्वको क्रीडास्थल बनाउन खोजिरहेका छन्।

### दलको स्वार्थ

झन् दुःखद कुरा त के छ भने नेपालका मुख्यधारका राजनीतिक दल र तिनका स्थानीय नेताले यस गम्भीर खतरालाई समयमै रोक्नु त कता हो कता, उल्टै क्षणिक चुनावी फाइदाका लागि यसैलाई मलजल गरिरहेका छन्। साम्प्रदायिक विवाद उत्पन्न हुँदा तटस्थ भई कानून र सद्भावको पक्षमा उभिनुपर्नेमा दलहरू आ–आफ्नो परम्परागत भोट जोगाउन कुनै न कुनै धार्मिक पक्षको काँध थाप्न पुग्छन्।

यदि समयमै यसको रोकथाम गरिएन र भारतको अनुकरण गर्दै साम्प्रदायिक राजनीतिलाई प्रश्रय दिइरहियो भने भारतको तुलनामा सानो, बहुसांस्कृतिक र भू–राजनीतिक रूपमा अति संवेदनशील नेपालले भयावह मूल्य चुकाउनुपर्ने निश्चित छ। यसले मधेशको वर्षौं पुरानो साझा संस्कृति र जनता–जनताबीचको विश्वासलाई पूर्णतः विनाश गर्नेछ।

नेपालको अन्न भण्डार र आर्थिक मेरुदण्ड मानिने मधेशमा अशान्ति फैलँदा लगानी डुब्नेछ, व्यापार ठप्प हुनेछ र गरीबी झन् गहिरिनेछ। अझ गम्भीर कुरा– बाह्य धार्मिक र राजनीतिक शक्तिहरूको सीधा खेलमैदान बनेपछि मधेशको आन्तरिक सुरक्षा नियन्त्रण बाहिर जानेछ, जसले अन्ततः सिंगो नेपालको राष्ट्रिय सुरक्षा, अखण्डता र सार्वभौमिकतालाई नै संकटमा पार्नेछ।

भारतीय राजनीतिको यो ७५ वर्षे ऐतिहासिक यात्राले हामीलाई एउटा कठोर र निर्भीक सत्य सिकाएको छ कि जुन राजनीति समाजलाई जोड्ने होइन, विभाजन गरेर भोट बटुल्ने जगमा खडा हुन्छ– त्यसको अन्तिम परिणाम विनाशकारी नै हुन्छ। साम्प्रदायिकताको आगोमा घिउ थपेर क्षणिक राजनीतिक लाभ लिन त सकिएला, तर त्यसले फैलाउने विषको मारबाट कोही पनि जोगिन सक्दैन। नेपालका राजनीतिक नेतृत्व, नागरिक समाज, बुद्धिजीवी र विशेषगरी मधेशका प्रबुद्ध नागरिकहरूले अब ढिला नगरी आत्मसमीक्षा गर्नुपर्छ कि हामीले छिमेकबाट विकास, प्रविधि, शिक्षा र सुशासन सिक्ने कि उनीहरूले भोगेको साम्प्रदायिक विष र सामाजिक विघटनको अभ्यास आयात गर्ने ? अरूको राजनीतिक एजेण्डा र बाह्य स्वार्थको मोहरा बनेर सदियौंदेखि सँगै बसेका दाजुभाइमाथि असहिष्णु बन्नु आत्मघाती कदम मात्र हो।

यदि आजै मधेश र सिंगो नेपालले भारतको यो दुःखद ऐतिहासिक पाठबाट चेतेन र आफ्नो मौलिक धार्मिक–सामाजिक सहिष्णुतालाई जोगाउन सकेन भने भोलि हामीले चुकाउनुपर्ने मूल्य यति भारी हुनेछ– जहाँ न कुनै धर्म सुरक्षित रहनेछ, न कुनै जात, न कुनै समुदाय, न लोकतन्त्र नै।

*(जयप्रकाश श्रीलंकाको तमिल विभेदविरुद्धको विद्रोह, मधेशः सामाजिक संरचना र विभेद तथा अख्तियारको थुनाः मेरो सम्झना पुस्तकका लेखक हुन्। यो लेख उनको फेसबुक पेजमा प्रकाशित पोष्टको सम्पादित रूप हो।) हिमालखबरबाट*

# बालबालिकालाई हिंसात्मक गतिविधिबाट टाढा राख्न प्रहरीको आग्रह

जनकपुरधाम, १६ साउन। मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र कानुनी व्यवस्था कायम राख्न अभिभावकहरूसँग आग्रह गरेको छ। प्रहरी कार्यालयले शुक्रबार अपिल जारी गर्दै सडक प्रदर्शन, जुलुस तथा भीडमा बालबालिकाको संलग्नता बढ्दै गएको उल्लेख गर्दै यसप्रति सबै अभिभावक सचेत हुनुपर्ने उल्लेख गरेको छ। अपिलमा अभिभावकलाई आफ्ना बालबालिकालाई उत्तेजनात्मक, हिंसात्मक तथा कानुन विपरीत गतिविधिमा सहभागी हुन नदिन, अत्यावश्यक कामबाहेक घरबाहिर नपठाउन तथा उनीहरूको गतिविधिमा निगरानी राख्न अनुरोध गरेको छ।

साथै सामाजिक सञ्जालमा फैलिने भ्रामक र भड्काउ सूचनाबाट सचेत रहन पनि आग्रह गर्दै अपिलमा बालबालिकाको सुरक्षा, शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा कानुनको पालनामा सहयोग पुऱ्याउन सम्पूर्ण अभिभावक, जनप्रतिनिधि, शिक्षक, समाजसेवी तथा समुदायका सदस्यहरूलाई सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरिएको छ। मधेस प्रदेश प्रहरी कार्यालयका सहप्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक भेषराज रिजालद्वारा जारी अपिलमा सामाजिक एकता र शान्ति कायम राख्न सबै पक्षको सहकार्य आवश्यक पर्ने जनाइएको छ।

छुवाछुत एक सामाजिक
अपराध र मानव अधिकारको हनन् हो।

# सप्तरीको सितापुर–हरिहरपुर सडक निर्माण तीव्र, ५० प्रतिशत काम सम्पन्न



**धीरेन्द्रप्रसाद साह**

राजविराज, १६ साउन। मधेश प्रदेश सरकारको गौरवको योजनामध्ये 'एक निर्वाचन क्षेत्र एक पक्की सडक निर्माण' काम तीव्र गतिमा अघि बढेको छ। सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा 'एक निर्वाचन क्षेत्र एक पक्की सडक निर्माण' कार्यअन्तर्गत निर्माण भइरहेको सितापुर–हरिहरपुर पिच सडकको काम तीव्र गतिमा अघि बढेको हो।

मधेश प्रदेश सरकारको लगानीमा निर्माण भइरहेको करिब पाँच किलोमिटर लामो दुई लेनको सडकको हालसम्म ५० प्रतिशत भौतिक तथा ४५ प्रतिशत वित्तीय प्रगति भएको छ। भौतिक पूर्वाधार विकास कार्यालय सप्तरीका प्रमुख कृष्णदेव झाले १२ करोड ४५ लाख ४९ हजार रुपियाँको लागतमा निर्माण भइरहेको सडकको ठेक्का सम्झौता २०८२ असार ६ गते भएको जानकारी दिनुभयो। उहाँका अनुसार निर्माण कम्पनी आरके निर्माण सेवा, इनरुवा (सुनसरी) ले २०८४ असार ५ गतेभित्र निर्माण सम्पन्न गर्ने गरी काम गरिरहेको छ।

निर्माणाधीन सडक सितापुर कोलोनी चोकदेखि इटहरवा, नयाँ इटहरवा, इकाराहा हुँदै हरिहरपुर र मैटगढीसम्म पुग्नेछ। सडक निर्माणसँगै गाउँपालिकाको वडा २ र ३ का बस्तीहरूलाई राजविराजसँग सहज सडक पहुँच स्थापित हुने अपेक्षा गरिएको छ। अग्निसाइर कृष्णासवरण गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीले वर्षौंदेखि कच्ची सडकका कारण स्थानीयवासीले वर्षायाममा सबैभन्दा बढी सास्ती भोग्दै आएको बताउनुभयो। उहाँले सडक निर्माण सम्पन्न भएपछि यातायात सेवा नियमित हुने, गाउँ–सहरको दूरी घट्ने तथा स्थानीयको दैनिकी सहज बन्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँका अनुसार स्थानीयवासीले लामो समयदेखि सडक कालोपत्रे गर्न माग गर्दै आएका थिए। जनप्रतिनिधि, बुद्धिजीवी तथा सामाजिक अगुवाको निरन्तर पहलपछि मधेश प्रदेश सरकारले उक्त सडकका लागि बजेट विनियोजन गरेको हो। सडक निर्माणले सितापुर कोलोनी, इटहरवा, नयाँ इटहरवा, इकाराहा, हरिहरपुर, मैटगढी, दिघवा लगायत करिब एक दर्जन गाउँका हजारौँ नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ। अहिले वर्षायाममा हिलो, धुलो तथा बर्खे खोलाका कारण हुने आवतजावतको समस्या सडक निर्माणपछि अन्त्य हुने स्थानीयको विश्वास छ। एम्बुलेन्स, विद्यालय बस तथा अन्य सार्वजनिक सवारीसाधन सहज रूपमा सञ्चालन गर्न सकिने भएपछि शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सेवामा नागरिकको पहुँचसमेत विस्तार हुने अपेक्षा गरिएको छ।

स्थानीय भगवती चौधरीले सडक कालोपत्रे हुनु ग्रामीण बासिन्दाका लागि वर्षौंदेखिको सपना साकार हुने क्षण भएको बताउनुभयो। उहाँले वर्षातका बेला हिँड्नसमेत कठिन हुने सडक अब पक्की बन्न थालेपछि विद्यार्थी, बिरामी, किसान तथा सर्वसाधारणलाई सहज आवतजावत हुने बताउनुभयो। विकासको आधार सडक भएकाले यसले गाउँको समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उहाँको विश्वास छ।

स्थानीय हेमनारायण चौधरीले सडक निर्माणले कृषि उत्पादनको बजारीकरणमा ठूलो टेवा पुग्ने बताउनुभयो। उहाँका अनुसार यस क्षेत्रमा उत्पादन हुने धान, मकै, गहुँ, तरकारी तथा अन्य कृषि उपज सहज रूपमा बजारसम्म ढुवानी गर्न सकिनेछ। यसबाट ढुवानी खर्च घट्नुका साथै किसानले उत्पादनको उचित मूल्य पाउने र कृषि व्यवसाय थप व्यावसायिक बन्ने अपेक्षा गरिएको छ।

उहाँले सडक निर्माणसँगै स्थानीय व्यापार–व्यवसाय विस्तार हुने, हाटबजारको कारोबार बढ्ने, साना तथा घरेलु उद्योग सञ्चालनमा सहयोग पुग्ने र स्वरोजगारका अवसरसमेत सिर्जना हुने बताउनुभयो। यसले ग्रामीण अर्थतन्त्र चलायमान बनाउनुका साथै समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ।

स्थानीयवासीका अनुसार सडक निर्माण सम्पन्न भएपछि शिक्षा, स्वास्थ्य, कृषि, व्यापार तथा सरकारी सेवा प्राप्त गर्न नागरिकलाई सहज हुनेछ। आपत्कालीन अवस्थामा बिरामीलाई अस्पताल पुऱ्याउन, विपद्का बेला उद्धार तथा राहत सामग्री ढुवानी गर्न र विकास निर्माणका अन्य गतिविधि सञ्चालन गर्नसमेत सहज हुने अपेक्षा गरिएको छ।

स्थानीयवासीले निर्माण कम्पनी र सम्बन्धित निकायसँग निर्माण कार्य गुणस्तरीय, पारदर्शी तथा निर्धारित समयसीमाभित्र सम्पन्न गर्न आग्रह गरेका छन्। उनीहरूका अनुसार सडक निर्माणले अग्निसाइर कृष्णासवरण गाउँपालिकाका ग्रामीण बस्तीको विकाससँगै यस क्षेत्रको आर्थिक, सामाजिक तथा कृषि विकासलाई दीर्घकालीन रूपमा गति दिने विश्वास लिइएको छ।

# बलिउड अभिनेत्री शेट्टीले गरिन् पशुपतिनाथमा पूजा



काठमाडौं, १६ साउन। बलिउड अभिनेत्री शिल्पा शेट्टीले आज पशुपतिनाथ मन्दिरमा पुगी पूजा, आराधना एवं दर्शन गरेकी छिन्। साउन महिनाको शनिबार पारेर अभिनेत्री शेट्टीले आज बिहान दुई हजार १०० दरका नौ वटा रसिद काटेर पञ्चामृत पूजा, आराधना एवं दर्शन गरेको पशुपति क्षेत्र विकास कोषका पुरातत्व अधिकृत सुशील कुमार गौतमले जानकारी दिए।

अभिनेत्री शेट्टी दर्शनार्थीका रूपमा आज बिहान पशुपतिनाथ दर्शन एवं पूजा आराधनाका लागि प्रवेश गरेको उनले बताए। "साउन महिना भगवान् शिवको महिना भएकाले विश्वभरका वैदिक सनातन हिन्दु धर्मावलम्बी पूजा, आराधना एवं दर्शनका लागि नेपाल आउने गर्छन्। त्यसमध्ये भारतबाट आउने दर्शनार्थी धेरै हुन्छन", उनले भने। भारतबाट साउनमा विशिष्ट व्यक्तित्व पनि पशुपतिनाथमा दर्शनका साथै पूजा, आराधना गर्न आउने गरेका छन्।

# सप्तरीमा ग्यासको चरम अभाव, सर्वसाधारणलाई सास्ती



**सुधा देव**

सप्तरी, १६ साउन। सप्तरी जिल्लामा एक हप्तादेखि एलपी ग्यासको अभाव हुँदा जिल्लाका सर्वसाधारणले सास्ती व्यहोर्नुपरेको छ। जिल्लामा पाँच दिनदेखि लगातार गाडी बन्दका कारण जिल्लामा ग्यास भित्रिन नपाउँदा कतिपय सर्वसाधारणको घरमा आगो बल्न सकेको छैन। ग्यास सकेको तीन दिन भयो रु चुल्हो र दाउरा केही पनि छैन। खाना केमा पकाउने विकल्प नभएपछि भोकभोकै बस्नुपर्ने बाध्यता भएको स्थानीय सकिना खातुनले बताउनुभयो।

यसअघि आधा सिलिन्डर ग्यासका कारण केही दिन यता समस्या भोग्दै आएको बेला एक हप्ता यता ग्यास भित्रिन नपाउँदा चरम अभावका कारण सर्वसाधारणले सास्ती भोग्नुपरेको डब्लुयच आरडी सप्तरीका जिल्ला अध्यक्ष अनिता देवकोटाले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले जिल्लामा भएको बन्दका कारण दैनिक काम गरेर दुई छाक हातमुख जोर्न समस्या भइरहेको बेला ग्यासको चरम अभावका कारण थप समस्या झेल्नुपरेको छ।" ग्यास नपाउँदा सर्वसाधारणलाई छाक टार्न हम्मे–हम्मे भइरहँदा पनि नजिकैको शहर विराटनगरबाट ग्यास ल्याउन सहजीकरण गराउन नसक्नु दुस्खद रहेको राजविराज २ का रामनारायण विश्वासले बताउनुभयो।

ग्यासको अभाव भएकोले स्कटिंग गरेर भएपनि ग्यास जिल्ला भित्र्याउने विषयमा उद्योग वाणिज्यसँग कुरा भएको छ। आज बेलुकीसम्म ग्यास आइपुग्ने सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण अधिकारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "ग्यासको कालोबजारी भएको पनि सुनिएकोले शंका लागेको ठाउँ अनुगमन भइरहेको छ।

## *सिरहा तुलसीपुरका ...*

यथाशिघ्र सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ।

सम्झौता अनुसार सरकारबाट सहिद घोषणा गर्ने प्रकृया तत्काल अघि बढाउने, मृतकका परिवारलाई नेपाल सरकारकातर्फबाट १० लाख रुपैयाँ राहत उपलब्ध गराउने, गोलबजार क्षेत्रमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषी उपर प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि तत्काल अगाडि बढाइने उल्लेख छ।

त्यस्तै, मृतकका परिवारका एक जना योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउने, घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेश गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिसहरु प्रचलित कानुन बमोजिम यथाशिघ्र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाउने, मृतक गणेश यादवको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा स्मृति पार्क तथा आवास निर्माणका लागि आवश्यक पहल गर्ने सहमति भएको छ।

सहमति अनुसार मृतकका भाई बहिनीको निःशुल्क शिक्षा र नेपाल सरकारका तर्फबाट बाबुआमाको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाउने र मृतकको शनिबार बिहान १० बजे अन्तिम संस्कार गरिने उल्लेख छ। गोलबजारमा बिहीबार प्रदर्शनको क्रममा गोली लागेर गणेशको मृत्यु भएको दोस्रो दिन शुक्रबार दिउँसो गृहमन्त्री तुलसीपुर जाने थाहा पाएपछि स्थानीय बासिन्दा दिउँसो १ बजदेखि मध्यातसम्म पर्खिएका थिए।

**लहान र गोलबजारमा कर्फ्यु जारी**

जिल्ला प्रशासन कार्यालय सिरहाले जिल्लाको पछिल्लो सुरक्षा स्थितिको विश्लेषणको आधारमा आन्दोलन वा हुलदंगा भई शान्ति सुरक्षा भंग हुने देखिएको भन्दै बिहीबार दिउँसो २ र ४ बजेदेखि सिरहाको गोलबजार र लहान क्षेत्रमा जारी गरेको अनिश्चितकालीन कर्फ्यु अहिले पनि जारी छ। जिल्ला सुरक्षा समितिको बैठक बसेर अर्को निर्णय नहुन्जेलसम्म कर्फ्यु यथावत् रहेको सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए।

अहिले पनि यहाँ स्थानीय हाटबजार, पसल पूर्णतः बन्द रहेका छन् भने मुख्य बजार क्षेत्रहरुमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। गोलबजार क्याम्पस चोकमा भएको झडपमा एक जनाको मृत्यु भएसँगै धनुषाको धनुषाधाम नगरपालिका–७ का करिब १८ वर्षीय सुवाष ठाकुर घाइते भएपछि आक्रोशित समूहले प्रदर्शनकारीहरुले सिरहा सुपर मार्केटद्वारा संचालित एबी मलसहित करिब एक दर्जन निजीघर, पसल, २० थान मोटरसाइकल र एउटा विद्युतीय टेम्पोमा आगजनी गरेका थिए। प्रदर्शनकारीको तर्फबाट भएको आक्रमणमा नेपाल प्रहरीका दुई डिएसपीसहित १५ र सशस्त्र प्रहरीका एक डिएसपीसहित सात गरी २२ जना सुरक्षाकर्मी घाइते भएका थिए।

स्थानीय करिब ५७ वर्षीय कलाम खान निर्घात कुटपिटमा परेर घाइते भएका थिए। नेपाल प्रहरीका हबल्दार नागद परियारको दायाँखुट्टामा गोली लागेर घाइते भएपछि धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको सिरहा प्रहरीले जनाएको छ। प्रहरीको खुट्टामा लागेको गोली कुन पक्षबाट लागेको हो भन्ने केही खुलेको छैन।

## *मधेशमा रोपाइँ ...*

सोही क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको मधेस प्रदेश कृषि विकास निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

सप्तरीमा ९० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। सप्तरीमा ६८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा हालसम्म ६१ हजार २०० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ। धनुषामा ८५ प्रतिशत रोपाइँ भएको छ। जिल्लामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धान खेती हुने लक्ष्य रहेकामा हालसम्म ३७ हजार ३१५ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

त्यस्तै महोत्तरीमा ७४ दशमलव ७७ प्रतिशत, सर्लाहीमा ९४ प्रतिशत, रौतहटमा ९३ प्रतिशत, बारामा ९५ प्रतिशत तथा पर्सामा ९१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। मधेश प्रदेशमा कुल तीन लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएको छ। अनुकूल वर्षा र पर्याप्त सिँचाइ सुविधाका कारण यस वर्ष रोपाइँ सन्तोषजनक रूपमा अघि बढेको अधिकृत विश्वकर्माको भनाइ छ।

## *गणेशको दाहासंस्कारमा...*

दोषीमाथि कानुनबमोजिम कारबाही गर्ने, छानबिन समितिको प्रतिवेदनका सुझाव तथा सिफारिस कार्यान्वयन गर्ने, मृतकको सम्झनामा स्मृति पार्क निर्माण गर्ने र आवास निर्माणको लागि आवश्यक पहल गर्ने सहमति पत्रमा उल्लेख गरिएको छ। सरकारको तर्फबाट गृहमन्त्री सुदन गुरुङ र मृतकका तर्फबाट उनका बुबा रामवृक्ष यादवले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

# सशस्त्र प्रहरीका असईलाई तस्करको धम्की : 'डीएसपीलाई दिएको १ लाख फिर्ता ल्याएर दे ,नत्र तलाई बाँधेर लैजान्छु'

**क्रान्ति शाह**

वीरगन्ज, १६ साउन। बाराको कलैया उपमहानगरपालिका-१० स्थित मटिअर्वा नाकास्थित सशस्त्र प्रहरी बल (प्रस्तावित) सीमा सुरक्षा गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) दिपेन्द्र थापाको नाममा तस्करसगँ एक लाख रुपैयाँ लिएको आरोपसहितको भिडियो सार्वजनिक भएको छ।

उक्त गुल्म मातहतको नीलकण्ठवा सीमास्थित सशस्त्र प्रहरी बलको अस्थायी बोर्डर आउट पोस्टका इन्चार्ज सशस्त्र प्रहरी सहायक निरीक्षक (असई) केवश रानालाई एक तस्करले तस्करीको लाइन खोल्नका लागि डीएसपीलाई दिएको १ लाख रुपैयाँ फिर्ता नगरे बाँधेर लैजाने धम्की दिएको उक्त भिडियोमा सुनिन्छ।

नीलकण्ठवा सीमामा बर्दीमै खटिएका सशस्त्र प्रहरीकै अगाडि ती तस्करले सादा पोसाकमा रहेका सशस्त्र प्रहरीका असई रानालाई धम्क्याउँदै हिन्दी भाषामा भनेका छन्, 'ब्याजमा पैसा खोजेर एक लाख रुपैयाँ दिएको छु , पैसा दिइसकेका पछि आज हुन्छ भोलि हुन्छ भन्दै तिमिहरूले टाढैं आएका छन्। कि मलाई काम गर्न देउ, किच् किच् नगर। कि मैले दिएको १ लाख रुपैयाँ तुरुन्त डीएसपीबाट मागेर फिर्ता ल्याएर देउ। होइन भने म तिमिलाई बाँधेर यहींबाट घिसारेर लैजान्छु।'

सशस्त्र प्रहरी सहायक निरीक्षक रानालाई गालीको शब्दसमेत प्रयोग गर्दै ती तस्करले भनेका छन् ,'दुई चार रुपैयाँ कमाउनका लागि मैले तिमिलाई जे जे सामान मागेका छौं त्यो सब ल्याएर दिएकै छु। त्यसपछि रानाले केही दिन बाराको मटिअर्वा नाकामा आफैं आएर गृहमन्त्री सुधन गुरुङले सीमा नाकामा तस्करी रोक्न सुरक्षाकर्मीलाई दिएको निर्देशनको रेकर्डेड अडियो मोबाइलबाट ती तस्करलाई सुनाउँदै भनेका छन्, 'ल यो सुन। अहिले अलि गाह्रो छ। पहिले समय अर्को थियो , अहिले समय अर्को भएको छ।'

त्यसपछि फेर रिसाउँदै ती तस्करले भनेका छन् ,'पहिला एक टिपको २ हजार दिनु पर्थ्यो, अहिले ४ हजार दिनु परेको छ। हिजो राति ८ बजेतिर यही नाकाबाट अरूहरूले ८ वटा मोटरसाइकलमा मालको पोका टपाएका छन्। मैले कसैको दिल दुखाएको छैन, तर मेरो दिल सबैले दुखाएका छन्। तिमीले मलाई साथ दियौं भने म तिम्रो लागि ज्यानसमेत दिनसक्छु।'

ती तस्करलाई सम्झाउन थालेका सशस्त्र प्रहरी सहायक निरीक्षक रानाले भनेका छन्, 'त्यस्तो कुरा नगर। मैले तिम्रो लागि गरेकै छु त। मेरो समस्या पनि पनि बुझिदिनु पर्छ तिमीले। पहिले हाकिम अर्कै थियो , अहिले अर्कै हाकिम आएको छ।' यता सशस्त्र प्रहरी सहायक निरीक्षक रानाले पनि उक्त भिडियो सत्य भएको स्वीकारे। अन्नपूर्ण पोस्टसँगको टेलिफोन संवादमा रानाले भने,' उक्त घटना ५/७ दिन अगाडिको हो। त्यो तस्करले भिडियोमा मुखमा आएको जथाभावी बोलेको छ। तर पैसा लेनदेनको कुरामा कुनै सत्यता छैन। पछि म कहाँ आएर उस्ले गल्ती बोलेछु भन्दै माफी पनि मागी सकेको छ।'

यता तस्करले एक लाख रुपैयाँ दिएको आरोप लागेका सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) थापाले भने आफूमाथि लागेको आरोपमा कुनै सत्यता नभएको दाबी गरे। भिडियोमा देखिएका सशस्त्र प्रहरी सहायक निरीक्षक रानालाई आफूले शनिबार नै कार्यालयमा झिकाएर छानबिन सुरु गरिसकेको उनले बताए।

उनले भने,' म पनि यहाँ आएको धेरै भएको छैन, नयाँ नै छु। तर आएदेखि नै यताको इलाकामा टाइट गरेको छु। आरोपित असई रानाको ती व्यक्तिहरूसँग पहिलाको सम्बन्धमा के थियो त्यो थाहा छैन। भिडियोका बारेमा एसपी सा'ब लाई पनि जाहेर गरिसकेको छु। यदि भिडियोमा बोलिएका कुराहरु सत्य हुन् भने सम्बन्धित व्यक्तिहरूलाई कारबाही हुन्छ।'

# आन्दोलनरत पक्षसँग मौखिक सहमति, खुल्यो बीपी राजमार्ग

महोत्तरी,१६ साउन। महोत्तरीको बर्दिबास नगरपालिका-३ स्थित कालापानीमा प्रदर्शनकारीले अवरुद्ध गरेको बीपी राजमार्ग सञ्चालनमा आएको छ। आन्दोलनरत पक्षसँग मौखिक सहमति भएपछि बिहानदेखि अबरुद्ध राजमार्ग सञ्चालनमा आएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। गत जेठ ११ गते स्थानीय र वन प्रशासनसँग भएको विवादमा झुठा मुद्दा लगाइएको भन्दै स्थानीय सुकुमवासी तथा अव्यवस्थित बसोवासीहरुले सडक चक्काजाम गरेका थिए।

जेठ ११ गते साँझ कालापानीस्थित वन क्षेत्रमा रहेको बस्ती खाली गराउन सूचना जारी गर्न वन कर्मचारीहरू आएको भन्दै स्थानीयले उनीहरूलाई राति १२ बजेसम्म नियन्त्रणमा राखेका थिए। सो क्रममा बर्दिबास नगरपालिका-३, कालापानीमा डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडीमा आगजनी समेत गरिएको थियो। त्यसबेला घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने, घटनामा घाइते भएकाहरूको उपचार राज्यले गर्ने र घटनामा कसैविरुद्ध मुद्दा चलाएर धरपकड नगर्ने विषयमा स्थानीय प्रशासनसँग सहमति भएको थियो। तर, प्रहरीले अहिले घटनामा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएपछि स्थानीय पुनः आक्रोशित बनेका छन्।

उक्त प्रकरणमा चारजनामाथि झुठा मुद्दा लगाइएको भन्दै बुधबार कालापानीमा बसेको सर्वदलीय बैठकले आरोपीहरु निर्दोष रहेकोले तीन दिनभित्र मुद्दा फिर्ताका लागि स्थानीय प्रशासनलाई अल्टिमेटम दिएको थियो। तीनदिने अल्टिमेटम शुक्रबार सकिएपछि स्थानीय सुकुमवासी तथा अव्यवस्थित वसोवासीहरु शनिबार बिहानैदेखि राजमार्ग अवरुद्ध पार्दै आन्दोलनमा उत्रिएका थिए। राजमार्ग अवरुद्ध भएपछि प्रमुख जिल्ला अधिकारी यादव र जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकुमार सारु मगरले कालापानी पुगेर आन्दोलनरत पक्षसँग समन्वय गरेपछि राजमार्ग खुलेको हो।

# सप्तरीमा पापडले शान्ति र सद्भावका लागि आइतबार सद्भाव र्‍याली निकालिने



सप्तरी, १६ साउन। शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) सप्तरीले जिल्लामा शान्ति, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न आइतबार बिहान राजविराजमा सद्भाव र्‍याली आयोजना गर्ने निर्णय गरेको छ। शनिबार नेपाल पत्रकार महासंघ सप्तरीको कार्यालयमा बसेको पापडको बैठकले सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्ज र त्यसपछि सप्तरीमा विकसित घटनाक्रमबारे गम्भीर छलफल गर्दै उक्त निर्णय गरेको हो।

सो बैठकले गोली प्रहारबाट ज्यान गुमाएका सुनसरीको कप्तानगञ्जका ओमप्रकाश मेहता र जयप्रकाश मेहता तथा सिरहाको औरही गाउँपालिकाका गणेश यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उपचारमा कुनै कमी हुन नदिन सरकारसँग माग गरेको छ।

यस्तै बैठकले वर्तमान परिस्थितिमा शान्ति र सद्भाव कायम राख्नु सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै साउन १७ गते आइतबार बिहान ८ बजे राजविराजस्थित शिव मन्दिर प्राङ्गणबाट सद्भाव र्‍याली निकाल्ने निर्णय गरेको नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवले जनाएको छ। उक्त र्‍याली सबै जातजाति, धर्म, समुदाय, संस्कृति तथा विभिन्न क्षेत्रका नागरिकलाई सहभागी हुन आग्रह पापड सप्तरीले आग्रह गरेको छ।

यस्तै बैठकले जिल्लामा देखिएको खाना पकाउने ग्यास तथा इन्धनको अभाव तत्काल सहज बनाउन स्थानीय प्रशासनसँग आग्रह गर्ने निर्णय पनि गरिएको पत्रकार महासंघका अध्यक्ष देवले बताए।

# भूमि प्रशासनका ३ नायब सुब्बासहित ५ जना ३ लाख घुससहित पक्राउ

काठमाडौं, १६ साउन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमि प्रशासन कार्यालय लगनखेलका ३ जना नायब सुब्बा र २ जना लेखापढी व्यवसायीलाई ३ लाख रुपैयाँ घुस लिइरहेको अवस्थामा नियन्त्रणमा लिएको छ। आयोगका अनुसार भूमि प्रशासन कार्यालय लगनखेल ललितपुरका नायब सुब्बाहरू उत्तम कुँवर, विशाल सुन्दास र राजकुमार मगर तथा लेखापढी व्यवसायी शैलेन्द्र रानामगर र समिर कटवालले जग्गाको बकसपत्र गराइदिने काममा सेवाग्राहीलाई दुःख-हैरानी दिँदै घुस मागेको भन्ने सूचना र उजुरीका आधारमा अनुसन्धान गरिएको थियो।

उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिएको टोलीले उनीहरूलाई सेवाग्राहीबाट ३ लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा ललितपुर महानगरपालिका-४ स्थित होटलबाट नियन्त्रणमा लिएको जनाएको छ। आयोगले उनीहरूको साथबाट घुस रकम ३ लाख रुपैयाँका साथै स्रोत नखुलेको २४ हजार ८९० रुपैयाँ समेत बरामद भएको जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

# हजुरआमाको हत्या आरोपमा १८ वर्षीय नाति पक्राउ

रौतहट, १६ साउन। रौतहटको कटहरिया नगरपालिका-३ बरेडवा टोलमा आफ्नै हजुरआमाको हत्या गरेको आरोपमा १८ वर्षीय नातिलाई प्रहरीले पक्राउ गरेको छ। अस्ति १४ गते बिहीबार साँझ करिब ६ बजे स्थानीय अन्दाजी ७५ वर्षीया तेतरी खातुन आफ्ना माइलो छोरा शेख निमुदिनको टालीको छानो भएको घरको खाटमा मृत अवस्थामा फेला परेकी थिइन्।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) शंकर प्रसाद आचार्यको नेतृत्वमा इलाका प्रहरी कार्यालय कटहरियासहितको प्रहरी टोली घटनास्थलमा पुगेर अनुसन्धान सुरु गरेको थियो। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमका अनुसार घटनालाई शंकास्पद ठहर गर्दै मृतकका १८ वर्षीय नाति साहिद शेखलाई नियन्त्रणमा लिएर सोधपुछ तथा अनुसन्धान गरिएको थियो।

अनुसन्धानका क्रममा साहिद शेखले आफ्नै हजुरआमाको हत्या गरेको खुलेको प्रवक्ता गौतमले जानकारी दिएका छन्। घटनाका सम्बन्धमा पक्राउ परेका साहिद शेखमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले शुक्रबार राति जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# सीमानाकाबाट हुने अवैध पेयपदार्थको ओसारपसारमा कडाइ

काठमाडौं, १६ साउन। नेपाल-भारत सीमानाका काँकरभिट्टाबाट अवैध रूपमा भित्र्याइएका तथा उपभोगका लागि अयोग्य पेयपदार्थ र अन्य सामग्रीमाथि सुरक्षा निकायले निगरानी गरिरहेको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक रञ्जन आवाका अनुसार संयुक्त चेकजाँचका क्रममा बरामद गरिएका करिब रु छ लाख ६५ हजार बराबरका पेयपदार्थ शुक्रबार मेची भन्सार कार्यालय काँकरभिट्टा परिसरमा नष्ट गरिएको हो। नष्ट गरिएका सामग्रीमा कोक, फेन्टा, डिउ, चिसो, स्प्राइटलगायत पेयपदार्थ रहेका छन्। ती सामग्री नेपालमा आयात प्रतिबन्धित वा उपभोगका लागि उपयुक्त नभएकाले कानुनी प्रक्रिया पूरा गरी नष्ट गरिएको प्रहरीले जनाएको छ। काँकरभिट्टा नाकास्थित एकीकृत जाँच एकाइमा मेची भन्सार कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र ट्राफिक प्रहरीको संयुक्त टोलीले यात्रु तथा मालवस्तुको नियमित जाँच गर्दै आएको छ।

प्रहरी नायब उपरीक्षक आवाले सीमानाकाबाट हुने अवैध सामानको ओसारपसार नियन्त्रणका लागि संयुक्त निगरानी निरन्तर जारी रहेकोभन्दै यस्ता गतिविधिमा संलग्न हुनेलाई कानुनी कारबाही गरिने भएकाले सबै यसतर्फ सचेत र जिम्मेवार हुनुपर्ने बताए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)